# अनलाइन सञ्चारमाध्यम दर्ताका लागि आवश्यक कागजात तथा प्रक्रियाः-

आवश्यक कागजातहरुः-

अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३, एवम् नेपाल सरकारद्धारा विभिन्न मितिमा प्रकाशित नेपाल राजपत्रको सूचना, निर्णय, परिपत्र तथा निर्देशनअनुसारः

१. Domain name स्पष्ट खुल्ने गरी अनलाइन पत्रिका दर्ता गरिपाउँ भन्ने निवेदन,

२. कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, साथै १ बर्ष नाघेका कम्पनीको कम्पनी अध्यावधिक पत्र, Audit Report र शेयर लगत परिवर्तन भएमा सो को विवरणसमेत,

३. अनलाइन पत्रिका सञ्चालन गर्ने उद्देश्यसहितको कम्पनीको प्रबन्धपत्र र नियमावली, **(घरेलु तथा साना उद्योगमा** दर्ता भएकोमा समेत अनलाइन पत्रिका सञ्चालन गर्ने उद्देश्य हुनुपर्नेछ ) (**पत्रिकाको हकमा** पत्रिका स्थायी दर्ता प्रमाणपत्र र अनलाइन पत्रिका सञ्चालन गर्ने भनी जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र)

४. कम्पनीका सबै सञ्चालकको नागरिकताको प्रतिलीपी,

५. कम्पनी सञ्चालक समितीको बैठकको निर्णयको प्रतिलिपी (**माइन्युट**),
   - Domain Name खुल्नेगरी अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्ने निर्णय,
   - दुई वा सो भन्दा बढी सञ्चालक रहेको अवस्थामा एकजनालाई अनलाइनको सञ्चालक तोकिएको निर्णय,
   - सम्पादक नियुक्तिको निर्णय,
   - अनलाइनलाई सूचना तथा प्रसारण विभागमा दर्ता गर्ने निर्णय गरेको हुनुपर्ने।

६. सम्पादकको नागरिकताको प्रतिलिपी, नियुक्तिपत्र र SLC/SEE देखि Bachelor सम्मका सबै Certificate (**Character Certificate** सहित) वा यस विभागबाट सम्पादक भनि प्रमाणित गरिएको पत्रको प्रतिलिपी । (नोटः विदेशमा अध्ययन गरेकाको हकमा प्रत्येक तहका लागि नेपाल सरकारबाट **मान्यता तथा समकक्षता निर्धारण** गरिएको पत्र समावेश गर्नुपर्नेछ)

७. व्यवसायका कारोबारमा **छपाई वा विद्युतीय स्वरुप, इन्टरनेट समेतबाट प्रकाशन (कोड नं. ५८१३-०३)** उल्लेख भएको स्थायी लेखा नम्बर/मूल्यअभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपी,

८. Public Domain Details (whois.com वा godaddy.com) को प्रतिलिपीः
   - Domain Update रहेको देखिनुपर्ने,
   - Domain को Registrant & Administrative Contact मा Name मा सञ्चालकको नाम, Organization मा कम्पनीको नाम र ठेगाना, फोन नं र इमेल लगायतका विवरण देखिने हुनुपर्नेछ ।

९. अनलाइनको दरबन्दी विवरण, श्रमजिवी विवरण र प्रतिबद्धता पत्र, (नोटः कम्तीमा ३ जना श्रमजिवी र न्युनतम तलब १७,६२५ हुनुपर्नेछ )

१०. पाँच जना सम्म श्रमजीवी विवरण रहेकोमा खाता विवरण तथा **पाँच जना भन्दा बढि** श्रमजिवी रहेकोमा बैङ्किङ प्रणालीबाट पारिश्रमिक भुक्तानी गरेको प्रमाणित प्रतिलिपी,

**नोटः-**

- नियुक्तिपत्र, दरवन्दी विवरण, श्रमजिवी विवरण, प्रतिवद्धता पत्र र खाता विवरण हाम्रो वेवसाइडको डाउनलोडमा भएको नमुना बमोजिम बनाउनुपर्नेछ ।
- सबै कागजातहरु सक्कलै प्रतिबाट Scan गर्नुपर्नेछ, यदि प्रतिलिपीबाट Scan गर्नुपरेमा नोटरी पब्लिकबाट प्रमाणित गराएर मात्र पेश गर्नुपर्नेछ ।

**प्रक्रियाः-**

- www.doib.gov.np मा गएर अनलाइन सेवाको प्रेस तथा अनलाइन छनोट गर्ने,
- अनलाइन सेवाभित्र अनलाइन सञ्चारमाध्यम छनोट गर्ने,
- Registration Type मा New Registration छनोट गर्ने,
- सञ्चालकको Photo and Signature upload गरी Online Form मा Domain and Email बाहेक सबै विवरण नेपालीमा भर्ने (अंकसमेत),
- आवश्यक कागजातहरुको 5MB सम्मको pdf file बनाएर तोकिएको स्थानमा अपलोड गर्ने
- सबै कागजातहरु अपलोड गरी submit गरेपछि Confirmation Number प्राप्त हुन्छ सो Number लाई सुरक्षित राखी समय समयमा form को Last मा रहेको yellow box मा Number राखी view गर्नुहोला र कागजात नपुगेको वा नमिलेको सूचना आएमा पुन मिलाएर पेश गर्नुहोला। साथै Approved भन्ने सूचना आएमा सञ्चालकले २ वटा फोटो लिएर विभागमा अनलाइन दर्ता प्रमाणपत्र लिन आउनुहोला ।
- अनलाइन दर्ता तथा नवीकरण सम्बन्धमा कुनै जानकारी लिनु परेमा ०१-५९१९८९३ मा सम्पर्क गर्नुहोला ।